बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

ऐन सख्या .२ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मितिः: असार ३० गते, २०८० साल

# बागमती नगरपालिकाको आर्थिक ऐन, २०८०

सभामा पेश भएको मिति :२०८० /३ /१०
सभाबाट स्वीकृत मिति :२०८० /३ /३०

बागमती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः बागमती नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२ ) बमोजिम बागमती नगर सभाले यो ऐन बनाएको छ ।

१) सक्षिप्त नाम र प्रारम्भ :

१) यस ऐनको नाम "वागतमती नगरपालिकाको आर्थिक ऐन, २०८० " रहेको छ।
२) यो ऐन २०८० साल श्रावण १ गते देखि वागमती नगरपालिका क्षेत्रमा लागु हुने छ।
३) "नगरपालिका" भन्नाले वागमती नगरपालिका बुझिने छ।
४) "नगरसभा" भन्नाले वागमती नगरपालिकाको नगरसभा भन्ने बुझिन्छ।
५) "नगरकार्यपालिका" भन्नाले वागमती नगरपालिकाको नगरकार्यपालिका भन्ने बुझिन्छ।
६) " राजश्व पारमर्श समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ बमोजिम गठन भएको वागमती नगरपालिकाको राजश्व परामर्श समिति भन्ने बुझिन्छ।
७) "नदी जन्य पदार्थ ( दहत्तर ,बहत्तर )" भन्नाले यस ऐनको अनुसुची १० मा उल्लेख गरिएको ढुंगा,गिटी, वालुवा,ग्रेभेल, रोडा वा माटोलाई बुझिन्छ।
८) "नगरप्रमुख" भन्नाले वागमती नगरपालिकाको नगर प्रमुख भन्ने बुझिन्छ।
९) "उपप्रमुख" भन्नाले वागमती नगरपालिकाको उपप्रमुख भन्ने बुझिन्छ।
(१०) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वागमती नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको कर्मचारी बुझिन्छ।

**२) सम्पति कर :** नगरपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पति कर लगाइने र असुलउपर गरिने छ।

**३) मालपोत वा भुमी कर :** एकिकृत सम्पती लगाई वांकी बसेको क्षेत्रफलको जग्गामा मात्र अनुसुची (२) बमोजिम मालपोत वा भुमिकर लगाइने वा असुलउपर गरिने छ।

**४) घर जग्गा वहाल कर वा वहाल कर :** नगरपालिकाक्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर , पसल ,ग्यारेज, गोदाम, टहरा, जग्गा, पोखरी पुरै वा आशिंक तवरले भाडामा दिएकोमा अनुसुची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने छ। साथै कुनै यात्रुवाहक सवारी साधन वा मालवाहक साधन भाडा दिएमा त्यस्तो भाडाको १० प्रतिशतले भाडामा दिने व्यक्ति वा संस्थासंग वहाल कर लगाइने र असुलउपर गरिने छ।

**५) व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसुचि ( ४) बमोजिम व्यवसायकर लगाइने र असुलउपर गरिने छ।

**६)सावरी साधन कर :** अनुसुची (५) मा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ।

**७) बाहल विटौरी शुल्क :** नगरपालिका क्षेत्र भित्र सरकारी वा सार्वजनिक वा वजार क्षेत्रमा सञ्चालित पसल वा वासोवास गरेको क्षेत्रमा अनुसुची ( ६) मा उल्लेख भए बमोजिम वहाल विटौरी कर लगाइने र असुलउपर गरिने छ।

**८) पार्किंग शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सावरी साधनलाई पार्किंग सुविधा उपलब्ध गराए वापत अनुसुची (७) वमोजिम पार्किंग शुल्क लगाइने र असुल उपर गरिने छ।

ऐन सख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

९) सेवा शुल्क : अनुसुची ८ मा व्यवस्था भए बमोजिम सेवा शुल्क लगाइने र असुलउपर गरिने छ । सेवा शुल्क उठाउंदा नगरपालिका आफैले वा ठेक्का बन्दोवस्तको माध्यमबाट उठाउन सकिने छ । ठेक्का बन्दोवस्तको माध्यमबाट सेवा शुल्क उठाउंदा देहाए बमोजिमको विधि अपनाउनु पर्ने छ :

क) वार्षिक रु १०००००० ( दश लाख) सम्म सेवाशुल्क उठ्ने कुनै सेवाको हकमा कुनै ब्यक्ति, फर्म वा कम्पनीसंग नगरकार्यपालिकाको कार्यालयले उपप्रमुख स्तरीय निर्णयबाट सोझै वार्ताद्वारा ठेक्का बन्दोवस्त गर्न सकिने छ ।

ख) वार्षिक रु १०००००० ( दश लाख ) भन्दा माथि २०००००० ( वीस लाख) सम्म सेवा शुल्क उठ्ने कुनै सेवाको हकमा नगरकार्यपालिकाको कार्यालयले कम्तीमा ५ (पांच) दिनको सुचना टास गरि प्रतिस्पर्धा गराई ठेक्का बन्दोवस्त गर्न सक्ने छ ।

ग) वार्षिक रु २०००००० ( वीस लाख) भन्दा माथि जतिसुकै सेवाशुल्क उठ्ने कुनै सेवाको हकमा नगरकार्यपालिकाको कार्यालयले स्थानीय वा राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा १० दिनको सुचना प्रकाशन गरि प्रतिस्पर्धा गराइ सेवा शुल्क उठाउन ठेक्का बन्दो वस्त गर्न सक्ने छ ।

१०) दस्तुर : अनुसुची (९)मा उल्लेख भए बमोजिम दस्तुर लगाइने वा असुलउपर गरिने छ ।

११) दहत्तर बहत्तर शुल्क (क)अनुसुची (१०)मा उल्लेखित दरमा नगरपालिकाले नगरक्षेत्र भित्रको सार्वजनिक वा सरकारी वा नदी क्षेत्रको नदीजन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा, माटो) को दहत्तर बहत्तर शुल्क लगाउन सक्ने छ । त्यस्तो दहत्तर बहत्तर शुल्क उठाउंदा तोकिएको परिमाणको शुल्क लिई नगरपालिका आफैले वा तोकिएको परिमाण बमोजिमको राष्ट्रिय वा स्थानीय स्तरको पत्रिकामा कम्तीमा १०( दश) दिनको सुचना प्रकाशन गरि ठेक्का बन्दोवस्तको माध्यमबाट उठाउन सक्ने छ । नदीजन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा, माटो) दहत्तर वहत्तर शुल्क उठाउन नगरकार्यपालिका आफैले अमानतमा वा अन्य कुनै विधि तोक्न सक्ने छ । नगरपालिकाले सञ्चालन गरेको कुनै आयोजनाबाट निस्कने ढुंगा, गिटी, वालुवा, माटोको हकमा समेत सोही बमाजिम हुने छ वा त्यस्तो ढुंगा, गिटी, वालुवा, माटोको व्यवस्थापनको लागि नगरकार्यपालिकाले आवश्यक निर्णय गर्न वा नगरसभाले विशेष ऐन बनाउन सक्नेछ । नगर क्षेत्र भित्रको सार्वजनिक वा सरकारी वा नदी क्षेत्रको वा नगरपालिकाद्वारा सञ्चालित कुनै आयोजनको ढुंगा, गिटी, वालुवा, माटोको रेखदेख, चोरी निकासी नियन्त्रण, नियमन र व्यवस्थापन गर्न नगरकार्यपालिकाले दण्ड तथा पुरस्कार तोक्न सक्ने छ ।

ग) नदीजन्य पदार्थ विकी वितरण गर्दा नगरपालिकाले अमानतमा कर्मचरी राखी पटके वीलको आधारमा यस ऐनमा तोकिएको दरमा नघ्टने गरी जोसुकैलाई विकी वितरण गर्न सक्ने छ ।

(ख) उपदाफा (क) मा जुनसुकै कुरा लेखिएता पनि कुनै निर्माण व्यसायी वा कसर व्यवसायीले नगरपालिकाबाट निर्माणाधिन आयोजनाबाट उत्खनन् हुने ढुंगा, गिटी, वालुवा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित आयोजनामा उपयोग हुने गरि माग गरेमा माग आयोजना प्रमुख वा योजना शाखा प्रमुखले माग भएको परिमाण बराबर अनुसुची १० मा उल्लेखित दरमा सोझै वर्ताद्वारा सम्झौता गरि सेवा शुल्क असुल गर्न सक्ने छ ।

(ग) नदीजन्य पदार्थ ( ढुंगा, गिटी, वालुवा, माटो)को चोरी ,निकासी वा पैठारी भई पकाउ गरिएकोमा पकाउ भएको परिमाणको वरारको अनुसुची १० मा उल्लेखित सेवा शुल्कको तेब्बर हुने जरिवाना असुल उपर गरिने छ ।

(घ) उप दफा (ग) बमोजिम पकाउ गरि पेश गर्नेलाई नगरपालिकाले जरिवाना रकमको दश प्रतिशत पुरस्कार दिन सक्नेछ । साथै चोरी निकासी भएको जानकारी दिने सुचकलाई नगरपालिकाले जरिवाना रकमको पांच प्रतिशत पुरस्कार दिने छ ।

(ङ.)आयोजनाको ढुंगा, गिटी, वालुवा, माटोको रेखदेख, चोरी निकासी नियन्त्रण, नियमन र व्यवस्थापन गर्न नगरकार्यपालिकाले दण्ड तथा पुरस्कार तोक्न सक्ने छ ।

(च) नगरपालिकाले ठेक्का बन्दोवस्तको माध्यमबाट शुल्क असुल गर्दा दुई लाख घन मीटर भन्दा माथिको परिमाणमा विकी गर्नु पर्ने भए जमानत लिई बहुवर्षे किस्ता वन्दि शुल्क असुली तालिका बनाई विकी गर्न सक्ने छ ।

१२) बागमती माछा पोखरी सम्बन्धी राजश्व संकलन : पर्यटकीय स्थल बागमती माछा पोखरीमा अनुसुची ११, १२,१३,१४,१५,१६ बमोजिम राजश्व संकल गरिने छ ।

१३) नियमावली , कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सकिने : यस ऐनको अधिनमा रही नगरकार्यपालिका वा नगरसभाले आवश्यक नियमाली वा कार्यविधि वा निर्देशिका वा मापदण्ड पारित गर्न सक्नेछ ।

१४) राजश्व संकलनको बैकल्पिक व्यवस्था : नगरप्रमुखले नगपालिकाको कुनै राजश्व संकलन गर्ने कार्यको लागि स्थानीय स्तरका क्लव, सामुदायिक संस्था, उपभोक्ता समिति तथा गैर नाफामुलक संस्थालाई कुनै शर्त तोकी राजश्व संकलन गर्न परिचालन गर्न सक्ने छ ।

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
बागमती प्रदेश, नेपाल

## बागमती नगरपालिकाबाट आ.व. २०८०/०८१ देखि कायम भएको कर, शुल्क, दस्तुर तथा अन्य राजश्वको दर रेट

### अनुसुची १

### सम्पती कर

१) **सम्पति कर :** घडेरीको रुपमा कायम गरिएको जग्गामा मात्र सम्पती कर लाग्ने छ। घडेरीको निर्धारणको आधार सडकले छोएको जग्गा, त्यसको लम्बाइ तथा चौडाइ बमोजिम हुने छ। घडेरी र संरचना मूल्य को योग कायम गर तपसिल (क) बमोजिम सम्पती कर लाग्ने छ। जग्गाको मूल्यांकन, संरचनाको मुल्यांकन, संरचनाको ह्रास कटीको व्यवस्था क्रमश: तपशिल (ख),(ग) र (घ) बमोजिम हुने छ।

(क) सम्पति करको दर

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५० ( पचास ) |
| छ लाख देखि २५ लाख रुपैया सम्म | प्रति लाख रु. १५ (रु पन्ध्र ) |
| छब्बिस लाख देखि ५० लाख सम्म | प्रति लाख रु. २० (रु बीस ) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु. २५ (रु पचिस ) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. ३० (रु तीस ) |
| दुई करोड एक लाख रुपैयदिखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु. ४० (रु चालिस ) |
| तिन करोड एक लाख रुपैयाँदिखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. ४५ (रु पैतालिस ) |
| पाँच करोड भन्दा माथि | प्रति लाख रु. ५० (रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (rouhd figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

घडेरीको क्षेत्रफल निर्धाण गर्दा लम्बाई तथा चौडाइको गुणानफल बमोजिम हुने । चौडाई अधिकतम ३० फिट र लम्बाई अधिकतम १२१ फिट सम्म निर्धारण गर्ने। बाटोले छोएको तर्फको मोहोडालाई चौडाइ कायम गरिने।

(ख) जग्गाको मुल्यांकन : जग्गाको न्युनतम मुल्यांकन सम्बन्धित मालपोत कार्यालयको जग्गाको मल्यांकन बमोजिम हुने छ।

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

(ग) संरचनाको मुल्यंकन : संरचनाको मुल्यांकन देहाय बमोजिम हुने छ ।

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | एक मुष्ठ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमा इट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ८०० | ७५० | ७२५ | ६७५ | ५२० | ४८० | ३९० | ३६० | रु १०००००।०० | रु.५०००००।०० |
| ख | आवासीय क्षेत्र | ७०० | ६५० | ६२५ | ५७५ | ४४० | ४०० | ३३० | ३०० | रु ५०००००।०० | रु.३०००००।०० |
| | कृषि क्षेत्र | ६०० | ५५० | ५२५ | ४७५ | ३६० | ३२० | २७० | २४० | रु ४०००००।०० | रु.२०००००।०० |
| घ | वन तथा बगर क्षेत्र । भिर पाखा | ४०० | ३५० | ३२५ | २७५ | १८० | १४० | १५० | १२० | रु३०००००।०० | रु.१५००००।०० |

ढुंगा वा ईटाको पर्खाल प्रति रनिङफिट रु. २००।-

घ) संरचनाको ह्रास कट्टी दर (प्रतिशमा)

| संरचनाको किसिम → संरचनाको आयु ↓ | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोका जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

| | | | | | |
|---|---|---|---|---|---|
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

## अनुसुची २
### मालपोत( भुमीकर)

१) मालपोत वा भुमी कर : सम्पती कर लगाई बाँकी रहेको जग्गामा तपसिल बमोजिम मालपोत वा भुमीकर लाग्ने छ।

| सि.न | विवरण | वार्षिक प्रति कठा रु. | विलम्ब जरिवाना |
|---|---|---|---|
| १. | राजमार्गको दायां बायां राजमार्गलाई छोएको जग्गा | ५०।०० | वार्षिक १० प्रतिशत जरिवाना |
| २. | क्षेत्रीय बाटोको दायां बायां क्षेत्रीयबाटोलाई छोएको जग्गा | ३०।०० | वार्षिक १० प्रतिशत जरिवाना |
| ३. | अन्य प्रति कठा | २०।०० | वार्षिक १० प्रतिशत जरिवाना |

तर आ.व.२०७८।७९ देखि मालपोत वा भुमी कर शुन्य दरमा लग्नेछ।

## अनुसुची ३
### घर जग्गा बहालकर

कुनै व्यक्ति वा संस्थाले भवन, घर,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा लगाएमा नगरपालिकाले त्यसरी बहाल लगाउने धनिबाट बहाल रकमको १० प्रतिशतले हुने रकम घर जग्गा बहालकर बापत संकलन गर्ने छ।

## अनुसूची ४
### व्यवसाय कर

बागमती नगरपालिकाले देहाय बमोजिम व्यवसायमा देहाय बमोजिम कर संकलन गर्ने छ :

१. पेट्रोलियम पदार्थ बिकी गर्ने :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | पेट्रोल पम्प | २००००।०० |
| २ | ग्यास डिलर | ३०००।०० |

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

५. सहकारी संस्था : सहकारी संस्था दर्ता । नविकरण वा इजाजतमा तपशिल बमोजिम व्यवसाय कर लाग्ने छ ।

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | बचत तथा ऋण सहकारी संस्था | १००००।०० |
| २. | दुग्ध उत्पादन सहकारी संस्था | ३०००।०० |
| ३. | कृषि सहकारी संस्था | २५००।०० |
| ४. | विधुत सहकारी संस्था | ३०००।०० |
| ५। | बहु उद्देश्यिय सहकारी संस्था | १५०००।०० |

६. व्यवसायिक परामर्श सेवा प्रदान गर्ने व्यक्ति :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १ | चिकित्सक | १५०० |
| २ | कविराज | १२०० |
| ३. | इन्जिनियर | १००० |
| ४. | कानून व्यसायि | ५०० |
| ५. | दन्त चिकित्सक | १००० |
| ६. | अनुसन्धान कर्ता तथा परामर्श दाता | ७०० |
| ८. | कम्पुटर एनालिष्ट तथा प्रोग्रामर | ७०० |
| ९. | विमा एजेन्ट | १०० |
| १०. | सर्भेएर | ५०० |
| ११ | अनुवादक | ५०० |
| १२. | पशु चिकित्सक | १००० |
| १३. | शेयर दलाल | ५०० |

७. विज्ञापन कर : नगरपालिकाले देहाए बमोजिम विज्ञापन कर संकलन गर्ने छ ।

| सि.नं | व्यसायको किसिम | करको दर रु. ( वार्षिक) |
|---|---|---|
| १. | वाल पेन्टिंग प्रति वर्ग फिट ( वार्षिक) | ५।०० |
| २. | होर्डिंग बोर्ड सार्वजनिक स्थानमा प्रति वर्ग फिट(वार्षिक) | ८०।०० |
| ३. | ग्लो साइन विधुतिय बोर्ड प्रति वर्ग फिट( वार्षिक) | ९०।०० |
| ४. | ब्यानर गेट प्रति हप्ता | ५००।०० |

वागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन? सर्लाही
मधेश प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

८. अन्य व्यवसाय तथा उद्योग तथा सेवा क्षेत्र : तपशिल बमोजिम वार्षिक कर लगाइने छ ।

| सि.नं | व्यवसायको किसिम (पुजिको आधारमा) | दर्ताको हकमा व्यवसाय संग सम्बन्धित चालु पुजि स्वघोषणाको आधार | नविकरणको हकमा व्यवसायको आर्थिक कारोवारको आधार | कृषि तथा पशु फर्म | |
|---|---|---|---|---|---|
| | | | | दर्ता | नविकरण वार्षिक कर |
| १. | रु. ५ लाख सम्म पुजिभएको | १००० | १००० | ५०० | ५०० |
| २. | रु. ५ लाख भन्दा बढी रु.२० लाख पुंजि भएको | २५०० | २५०० | ६०० | ६०० |
| ३. | रु. २० लाख भन्दा बढी रु.५० लाख सम्म पुजि भएको | ५००० | ५००० | ७०० | ७०० |
| ४. | रु. ५० लाख भन्दा बढी रु.१ करोड सम्म पुंजि भएको | १५००० | १५००० | ८०० | ८०० |
| ५. | रु १ करोड भन्दा माथि पुंजि रु.५ करोड सम्म पुंजी भएको | २०००० | २०००० | ९०० | ९०० |
| ६. | रु.५ करोड भन्दा माथि पुंजी भएको | ३०००० | ३०००० | ११०० | ११०० |
| ७. | मदिराजन्यको हकमा ५० प्रतिशतले कर थप हुने | | | | |
| ८. | ह्युमपाइप उद्योग वार्षिक रु.४०००००।००( चार लाख) | | | | |

## अनुसुची ५
## सावरी कर

वागमती नगरपालिकाले देहायका सवारी साधनको दर्ता वा नविकरणमा देहाय बमोजिम वार्षिक सवारी कर संकलन गर्ने छ :

| सि.नं. | सवारी साधनको नाम | वार्षिक सवारी कर रु. |
|---|---|---|
| ३. | ठेला/रिक्सा | १००/- |
| ४. | इ रिक्सा | १०००।०० |

## अनुसुची ६

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, नेपाल

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

**बहाल बिटौरी शुल्क**

बागमती नगरपालिकाले देहाय बमोजिम बहाल बिटौरी शुल्क संकलन गर्ने छ :

१) सोल्टी बजार :

| सि.नं | प्रकार | वार्षिक शुल्क दर रकम रु. ( प्रति धुर ) | आ.व. २०७४।७५ देखि २०७५।७६ सम्म प्रति धुर प्रति वर्ष |
|---|---|---|---|
| १). | सोल्टी बजार | २००।०० | २१०।०० |
| २) | ऐश्वरे नगर बजार | ७५।०० | ८०।०० |
| ३) | सेउली बजार र जिरायत | ५०।०० | ५५।०० |
| ४) | अति गरिब र बिपन्न | ०।०० | ०।०० |

**अनुसुची ७**
**पार्किंग शुल्क**

बागमती नगरपालिकाले बनाएको वा व्यवस्था गरेको पार्किंग स्थलमा पार्किंग गरे बापत देहाय बमोजिमको सवारी साधनमा देहाय बमोजिम पार्किंग शुल्क लाग्ने छ ।

| सि.नं. | सवारी साधनको नाम | शुल्क रु. |
|---|---|---|
| १. | बस,ट्रली, लरी हेभी गाडीमा | ३५/- |
| २. | कार जिप | २५/- |
| ३. | टेम्पो | २०/- |
| ४. | मिनिबस | ३०/- |
| ६. | मोटरसाईकल, स्कुटर | १०/- |
| ७. | ट्रयाक्टर | १५/- |
| ८. | पावर टिलर | १०/- |

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
.........
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

## अनुसुची ८
## सेवा शुल्क वा दस्तुर

बागमती नगरपालिकाले देहाय बमोजिम सेवाशुल्क संकलन गर्ने छ :

१) हाटवजार सेवा शुल्क : नगरपालिकाले व्यवस्था गरेको हाट वजारमा अस्थायी र पटके रुपमा लाग्ने देहायको पुसलमा देहाय बमोजिम सेवा शुल्क लाग्ने छ :

| सि.नं. | मालसामानको विवरण | सेवाशुल्क दर रु. |
|---|---|---|
| १ | घोडा १ को | ९०.०० |
| २ | गोरु १ को | ९०.०० |
| ३ | राँगा, भैंसी गोटा १ को | ९०.०० |
| ४ | खसी वोका गोटा १ को | ५०.०० |
| ५ | कुखुरा १ किलोभन्दा माथिको | २०.०० |
| ६ | कुखुरा १ किलोभन्दा मुनिको | ५.०० |
| ७ | राँगाकाटी वेच्ने सँग प्रति गोटा १ को | ५००.०० |
| ८ | खसी काटी वेच्ने संग प्रति गोटा | १५०.०० |
| ९ | सुगुर वंगुर प्रति गोटा | २००.०० |
| १० | हाँस, कुखुराको मासु विक्री पसल | १००.०० |
| ११ | राँगा भैसीको छाल १ को | ५०.०० |
| १२ | आलो माछा प्रतिपसल | ६०.०० |
| १३ | माछा मासु पकाए बेच्ने पसल १ को | ५०.०० |
| १४ | आलु,प्याज र अदुवा टोकरी १को | २०.०० |
| १५ | अम्वा, आरु, लिचि र आरुबखडा टोकरी १को | १०.०० |
| १६ | आलु,फुलकोभी, वन्दाकोभी , भान्टा, प्याज,टमाटर,मुला लगाएतको अन्य तरकारी पसल १ को | ३०.०० |
| १७ | आलु,कोभी,भान्टा, टमाटर लगाएतको बाहिर बाट आउने तरकारी प्रति टोकरी १को | १०.०० |
| १८ | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | १०.०० |
| १९ | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | १०.०० |
| २० | काउली कटहर रुखकटहर टोकरी १ को | १०.०० |
| २१ | वोडी, मास, मस्याङ, भटमास, बदाम र केराउ प्रति पसल १ को | १५.०० |
| २२ | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी टोकरी १को | १५.०० |
| २३ | स्कुस,फर्सि, लौका साग र तोरिङ्गा टोकरी १ को | १०.०० |
| २४ | उखु, निवुवा, भोगटे, कागती टोकरी १ को | १०.०० |
| २५ | मकै,गहुँ कोदो, चिउरा , चामल फापर र तोरी प्रति पसल १ को | ३०.०० |
| २६ | घीउ प्रति किलो | ५.०० |
| २७ | हजाम पसल १ को | ३०.०० |
| २८ | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | ३०.०० |
| २९ | फलाम र फलामवाट बनेका कृषि र घरेलु सामान पसल, आरण , साध लगाउने दोकान १ को | ३०.०० |
| ३० | औषधि वा जडीवुट्टि दोकान १ को | २०.०० |
| ३१ | वाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो डोको तथा वाँसवाट वनेको सामान पसल १ को | २०.०० |
| ३२ | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट वाट वनेको सामान पसल १को | १५.०० |
| ३३ | चिराइतो र सिन्कौली तथा कुरिलो टोकरी १ को | ४०.०० |
| ३४ | वजारमा रोटी पकाई वेच्ने दोकान १ को | २०.०० |
| ३५ | वजारमा मिठाई पकाई विक्रीगर्ने दोकान १ को | ३०.०० |
| ३६ | राडीपाखी गलैचा दोकान १ को | १००.०० |
| ३७ | वजारमा मनोरञ्जन देखाउने दोकान १ को | २००.०० |

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

| | | |
|---|---|---|
| ३८ | लता कपडा पसल १ को | ६०.०० |
| ३९ | सुर्ति विडी दोकान १ को | ३०.०० |
| ४० | मिठा सखर दोकान १ को | ३०.०० |
| ४१ | किराना पसल १ को | ३०.०० |
| ४२ | भाडाकुडा पसल १ को | ७०.०० |
| ४३ | औठी लगायत धातुका गहना पसल १ को | ३०.०० |
| ४४ | चुरा तथा मनिहरा पसल १ को | ३०.०० |
| ४५ | जुत्ताचप्पल पसल १ को | ३०.०० |
| ४६ | वरफ र चटपट्टे पसल १को | ३०.०० |
| ४७ | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | ३०.०० |
| ४८ | सटरमा पसल राख्ने पसल १ को | १५०.०० |

२) सडक पुर्वाधार उपयोग सेवा शुल्क : नगरपालिकाले निर्माण गरेको, नगरपालिकाले मर्मत सम्भार गर्नु पर्ने तथा नगरपालिकामा हस्तान्तरण भइ आएका तथा नगरपालिकाले तोकेको सडक उपायोग गरेवापत भारी सवारी साधनको हकमा तपशिल बमोजिम सडक पुर्वाधार उपोग सेवा शुल्क लाग्नेछ। यस सेवा शुल्कको दरको थप व्याख्या नगरकार्यपालिकाले गर्ने छ।

क) दहत्तर वहत्तर ( ढुंगा, गिटी वालुवा,इटा बोकी हिडने भारी सवारी साधन)

| सि.नं | सावरी साधनको प्रकार | सेवा शुल्कको कर प्रति पटक दर रकम रु. |
|---|---|---|
| १. | ट्याक्टर प्रति पटक ( ढुंगा, गिटी, वालुवा बोकी हिड्ने) | ४००।०० |
| २. | ट्रक छ चक्के प्रति पटक | १०००।०० |
| ३. | ट्रक १० चक्के प्रतिपटक | १५००।०० |

ख) कृषि उत्पादन व्यवसायिक रुपमा लिई हिड्ने भारी सवारी साधन ( नगर बाहिर जाने,ब्यापारि हरुको हकमा मात्र )

| सि.नं | सवारी साधनको प्रकार | सेवा शुल्कको कर प्रति पटक दर रकम रु. |
|---|---|---|
| १. | ट्याक्टर प्रति पटक वा पिकअप | १००।०० |
| २. | ट्रक छ चक्के प्रति पटक | ३००।०० |
| ३. | ट्रक १० चक्के प्रतिपटक | ५००।०० |

३. अचल सम्पती मुल्यांकन सेवा शुल्क :

कुनै व्यक्ति , संघ ,संस्थाले अचल सम्पती मुल्यांकन गरिदन अनुरोध गरेमा नगरपालिको देहाय बमोजिम अचल सम्पती मुल्यांकन सेवा शुल्क संकलन गर्ने छ :

| |
|---|
| प्रति हजार मुल्यांकन रकमको रु.००।५० ( पचास पैसा) ले हुने रकम |

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणीकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

४.सिफारिश सम्बन्धी सेवा शुल्क : बागमती नगरपालिकाले देहायवमोजिमको सिफारिशमा देहाय बमोजिम सेवाशुल्क संकलन गर्ने छ

| सि. नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिश | ५०।०० |
| २ | भारत जाने सिफारिस | ५०।०० |
| ३ | अन्य मुलुक | ५०।०० |
| ४ | नाम संशोधन सिफारिस | ५०।०० |
| ५ | विद्युत जडान सिफारिस | ५०।०० |
| ६ | उद्योग दर्ता सिफारिस | ५०।०० |
| ७ | वसोवास प्रमाणित | ५०।०० |
| ८ | जन्ममिति प्रमाणित सिफारिस | ५०।०० |
| ९ | घर निर्माण सम्पन्न प्रमाण पत्र | ५०।०० |
| ११ | नक्सापास नामसारी सिफारिस | ५०।०० |
| १२ | विद्युत नामसरी/धारा नामसारी सिफारिस | ५०।०० |
| १३ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | ५०।०० |
| १४ | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | ५०।०० |
| १५ | अंग्रेजी सिफारिस दिनुपर्दा आयश्रोत र अचलसम्पति वाहेकमा | ५०।०० |
| १६ | छुट्टजग्गा नामसारी /सिफारिश | ५०।०० |
| १७ | संस्था दर्ता सिफारिश | ५०।०० |
| १८ | धाराजडान सिफारिश | ५०।०० |
| १९ | दलित जनजाती सिफारिश | ५०।०० |
| ३० | चारित्रिक सिफारिश | ५०।०० |
| ३१ | जग्गा धनिदर्ता प्रमाण-पूर्जाको प्रतिलिपि सिफारिश | ५०।०० |
| २२ | चारकिल्ला प्रमाणित सेवा शुल्क | ५०।०० |
| २३ | जग्गा नामसारी | ५०।०० |
| २४ | घरबाटो सिफरिश | ५०।०० |

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

ऐन सख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते,
२०८० साल

| | | |
|---|---|---|
| २५ | मालपोत कार्यालयलाई घर कायमको सिफारिश दस्तुर | ५०।०० |
| २६ | नाता प्रमाणित | ५०।०० |
| २७ | अन्य सिफारिश | ५०।०० |
| २८ | ब्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०।०० |
| २९ | अपांग, असाय, जेष्ठ, नागरिक छात्र बृत्ति सम्बन्धि सिफारिश | निशुल्क |
| ३० | राहदानी सिफारिश | ५०।०० |
| ३१ | मोही नामसारी सिफारिश | ५०।०० |
| ३२ | मोही लगत कटा सिफारिश | ५०।०० |
| ३३ | प्रतिलिपी दस्तुर प्रति पेज | २।०० |
| ३४ | ब्यक्तिगत तथा संस्थागत रुख कटान सिफारिश | ५०।०० |
| ३५ | ब्यक्तिगत काठ दाउरा सिफारिश | ५०।०० |
| ३६ | श्रम स्वीकृति दस्तुर | २००। |

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
[illegible], सर्लाही
मधेश प्रदेश, नेपाल



ऐन सख्या : २ (२०८०)
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते,
२०८० साल

५. फोहोरमैला व्यवस्थापन सेवाशुल्क : नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा उपलब्ध गराएको क्षेत्रमा देहाय बमोजिम फोहोरमैला व्यवस्थापन सेवाशुल्क संकलन गर्ने छ :

| सि.नं | किसिम | मसिक सेवा शुल्कको दर रु. |
|---|---|---|
| १. | होटल( खाना, खाजा) सहितको | १०० |
| २. | मदिरा पसल | १५० |
| ३. | किराना पसल | ५० |
| ४. | लज सहितको होटल | ३०० |
| ५. | भडा वाला | ५० |
| ६. | घरवाला | ५० |
| ७. | चिया नास्ता पसल | ५० |
| ८. | अन्य पसल | ५० |

६. अमिन सेवा शुल्क : नगरपालिकाको अमिन सेवाको लागि तपशिलको सेवा शुल्क लाग्ने छ ।

| सि.नं | किसिम | शुल्कको दर रु. |
|---|---|---|
| १ | अमिन सेवा शुल्क प्रति पटक ५ कठा सम्म | २५००।०० |
| २ | अमिन सेवा शुल्क प्रति पटक ५ कठा भन्दा माथि | ३०००।०० |

अनुसुची ९
दस्तुर

नगरपालिकाले देहाएको विषयमा देहाए बमोजिम दस्तुर संकलन गर्ने छ ।

१. न्यायिक दस्तुर : प्रचलित कानुन बमोजिम हुने छ ।

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

२.नक्सा पास दस्तुर :

नगरपालिका क्षेत्र भित्र भवन, पर्खाल तथा यस्तै संरचना निर्माण गर्दा देहाएमा उल्लेख भए बमोजिम नक्सा पास दस्तुर संकलन गर्नु पर्नेछ साथै नक्सा पास नभइ निर्माण सम्पन्न भइसकेका पुराना घरको अभिलेखिकरण गराउन समेत सोही दरमा नक्सा पास दस्तुर लाग्नेछ ।साथै नक्सा पास गर्दा तोकिए बमोजिमको कार्यको लागि देहाएमा उल्लेख भए बमोजिम दण्ड जरिवाना पनि लाग्ने छ ।

अ). नक्सापास दस्तुर

(क) आवसिय भवन

| सि.नं. | भवनको प्रकार | बेसमेन्ट तला | भूई तल्ला (प्रति बर्ग फिट) रु. | पहिलो तल्ला (प्रति बर्ग फिट) रु. | दोश्रो तला (प्रति बर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति बर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको । | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २. | ढुङ्गा वा इट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ४।- | ५।- | ६।- | - |
| ३ | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ३।- | ४।- | - | - |
| ४. | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन । | - | १।- | १।- | - | - |

(ख) नक्सापास दस्तुर व्यपारिक भवन

| सि.नं. | भवनको प्रकार | बेसमेन्ट तला | भूई तल्ला (प्रति बर्ग फिट) रु. | पहिलो तल्ला (प्रति बर्ग फिट) रु. | दोश्रो तला ( प्रति बर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति बर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको । | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २. | ढुङ्गा वा इट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ६।- | ७।- | ८।- | - |
| ३. | सिमेन्टको जोडाइमा ढुङ्गा वा इट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ४।- | ५।- | - | - |

| सि.नं. | कम्पाउण्डवालको प्रकार | प्रति रनिङ्ग फिट रु. |
|---|---|---|
| १. | सिमेन्ट जोडाईको कम्पाउण्डवाल | २।- |
| २. | माटो जोडाईको कम्पाउण्डवाल | १।- |
| ३. | तारबारको कम्पाउण्डवाल | -।५० |

...पालिका
...को कार्यालय
कमैया, सर्लाही
...प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

आ) दण्डजरिवाना :

(क) भवन नयाँ निर्माण

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

(ख) भवन तला थपमा

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १. | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २. | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३. | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

३. संघ । संस्था दर्ता तथा नविकरण दस्तुर : नगरपालिकाले देहाएबमोजिको संघसंस्था दर्ता गर्दा तथा नविकरण गर्दा देहाए बमोजिम दस्तुर लिने छ :

| सि.नं | किसिम | दस्तुर दर रु. |
|---|---|---|
| १. | अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था | २००० |
| २. | राष्टिय गैर सरकारी संघ संस्था | १००० |
| ३. | क्लब | ५०० |
| ४. | पेशागत संघ संस्था | ५०० |
| ५. | अन्य संघठित संस्था | ५०० |

४. आयश्रोत प्रमाणित दस्तुर :

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | रु.२ लाख सम्मको लागि | ५००।- |
| २. | रु.२ लाख १ देखि रु.१० लाख सम्मका | १०००।- |
| ३. | रु.१० लाख १ देखि रु.२० लाख सम्मका | २०००।- |
| ४. | रु.२० लाख १ देखि रु.५० लाख सम्म | ३०००।- |
| ५. | रु.५० लाख १ देखि माथि | ५०००।- |

५. व्यक्तिगत घट्ना दर्ता दस्तुर :-

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | ३५ दिन भित्रको घटना दर्तामा | दस्तुर निःशुल्क |
| ३. | त्यसपछिको घटना दर्तामा | रु. ५० दस्तुर लाग्ने |

६. घ वर्गको कम्पनीको इजाजात दस्तुर : घ वर्गको कम्पनी शुरु इजाजात तथा इजाजत नविकरण दस्तुर वार्षिक रु.१००००।००( दश हजार) लाग्ने छ । प्रत्येक वर्ष ६ महिना भित्र इजाजात नविकरण नगराएमा इजाजात नविकरण दस्तुरको प्रति महिना २० प्रतिशतका दरले थप विलम्ब दस्तुर लिई सो भन्दा पछि समेत नविकरण गरि दिन सकिने छ ।

...ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमैया, हलाँदी
...प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

## अनुसुची १०
### ढुंगा,गिटी, वालुवा,ग्रेभेल ,दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | रकम रु. |
|---|---|---|---|
| १. | ढुंगा,गिटी, वालुवा,ग्रेभेल रोडा विकी एबम घाट गढी | प्रति घन मी. | रु. २००।०० ( दुई सय) |
| २. | माटो विकी | प्रति घन मी. | रु. १२५।०० ( एक सय पचिस) |
| ४. | काठ दाउरा विकी | विकी मूल्य | १० (दस) प्रतिशत |

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते,
२०८० साल

## अनुसूची ११

नगरपालिकाले जलयातायात व्यवसाय दर्ता । नविकरण शुल्क वार्षिक रुपमा देहाय बमोजिम लिने छ ।

| क्र.स. | मोटर वोटको संख्या | व्यवसाय दर्ता तथा नविकरण शुल्क रु. |
|---|---|---|
| १ | जेट वोट संख्या १ | रु.१५००० ।- |
| २ | जेट वोट संख्या २ | रु. २००००।- |
| ३ | जेट वोट संख्या ३ | रु.२५००० ।- |
| ४ | जेट वोट संख्या ४ | रु.३०००० ।- |
| ५ | जेट वोट संख्या ५ | रु.४०००० ।- |
| ६ | जेट वोट संख्या ६ भन्दा माथी बढीमा दश वटा सम्म | रु.६०००० ।- |

आर्थिक वर्ष शुरु भएको तीन महिना भित्र नविकरण नभएमा थप वीस प्रतिशतको दरले प्रति महिना विलम्व शुल्क लाग्ने छ ।

## अनुसुची १२
### जलयातायात शुल्क

क) जलयातायात व्यवसायीले जलयात्रा सम्वन्धी शुल्क एकरुपता हुने गरी तोक्न स्वतन्त्र रहने छन् । तर अश्वस्थ रुपमा सेवा शुल्क संकलन गरेमा नगरकार्यपालिकाले नियन्त्रण गर्न सक्ने छ ।
ख) जलयातायात सेवा शुल्कबाट संकलित शुल्क को २० ( वीस) प्रतशितले हुन आउने राजश्व व्यवसायीले नगरपालिकालाई बुझाउनु पर्ने छ ।

## अनुसुची १३
### बागमती माछा पोखरी, वडा नं ४,१२ , पश्चिम तर्फको रातो घरवहाल राजश्व

रातो घरको घर वाहल ठेक्का बन्दोवस्त गर्दा खाने पानी तथा बनीको उचित प्रबन्ध गरे पश्चात मात्र ठेक्का बन्दो वस्त गर्ने ।

| क्र.स. | विवरण | मासिक दर रु. |
|---|---|---|
| १ | घर वहाल राजश्व | ३०००००।०० |

क) कार्यपालिकाले निर्णय गरि अधिकतम ५ वर्षसम्म अवधिको एकै पटक ठेक्का बन्दोवस्त गर्न सक्ने छ ।
ख) वाहल लिनेले आफैले सजिसजावटको कार्य गर्नु पर्ने छ ।
ग) वहालमा लिनेले आफैले खर्च गरि संरचनामा थप गर्न सक्ने छ ।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने,

श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

घ.) वहालमा लिनेले सम्झौता अवधि जती सुकै भए पन वार्षिक कम्तीमा एक बर्षको हुने कवोल अंक वरार वहाल रकम वरारको बैंक जमानत वा जग्गा जमिन धितोमा राख्न सक्ने छ ।

ङ.) वहालमा लिनेले सम्झौता वर्षको हुने वरावरको कम्तीमा ३ महिना वरावरको रकम सम्झौता गर्दा अग्रिम रुपमा बुझाउने छ ।

च) वाहलमा लिनेले थप आकर्षक वनाई नाफालिई अन्य व्यक्ति, फर्म वा कम्पनीलाई वहालमा लगाउन सक्नेछ ।

छ) वाहलमा लिनेले शौचालय प्रयोग गर्न पाउने छ । वहालमा लिनेले शौचालयको सरसफाइ गर्नु पर्ने छ । सौचालय प्रयोग गरेवापत अन्य प्रयोग कर्तालाई वहालमा लिनेले पिसाव फेरेको रु. ५ तथा दिशा गरेको रु.१० भन्दा वढी लिन पाउने छैन् ।

ज) वहालमा लिनेले पोखरीको वेरा सम्म सजावट गरी उपयोग गर्न सक्नेछ । त्यसरी उपयोग गर्दा सडकको हुने आवजातलाई बाधा पुर्‍याउन पाउने छैन् ।

झ.) प्रति २ वर्षमा घर वहाल राजश्वमा सम्झौता रकमको १०( दस) प्रतिशतले वृद्धि हुने छ ।

ञ) विजुली तथा पानी र सरसफाई शुल्क तथा दस्तुर वहालमा लिनेले बुझाउनु पर्ने ।

ठ) वहालमा लिनेले तल पिच सडक सम्मको भाग रातो घर भन्दा तल ३ तहको भाग उपयोग गर्न सक्ने छ ।

ड) कार्यपालिकाले अन्य शर्त राखी बहालमा लगाउन सक्ने ।

## अनुसुची १४

### बागमती माछा पोखरी, वडा नं ४,१२ , पार्किंग शुल्क

| क्र.स. | सवारी साधनको प्रकार | इकाई | दर रु. |
|---|---|---|---|
| १ | ठुलो बस, मिनिवस, हायस, वींगर | एक घण्टा सम्म | १००।०० |
| | | एक घण्टा देखि दुइ घण्ट सम्म | १५०।०० |
| | | दुइ घण्टा देखि चार घण्टा सम्म | २००।०० |
| | | चार घण्टा भन्दा बढी | ४००।०० |
| २ | जीप, कार, म्याजिक | एक घण्टा सम्म | ५०।०० |
| | | एक घण्टा देखि दुइ घण्ट सम्म | ८०।०० |

... नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल



ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

| | | | |
|---|---|---|---|
| | | दुइ घण्टा देखि चार घण्टा सम्म | १००।०० |
| | | चार घण्टा भन्दा बढी | १५०।०० |
| ३ | तीन पांग्रे सवारी साधन | एक घण्टा सम्म | ३०।०० |
| | | एक घण्टा देखि दुइ घण्ट सम्म | ५०।०० |
| | | दुइ घण्टा देखि चार घण्टा सम्म | ८०।०० |
| | | चार घण्टा भन्दा बढी | १००।०० |
| ४ | मोटर साइकल | एक घण्टा सम्म | २०।०० |
| | | एक घण्टा देखि दुइ घण्ट सम्म | ३०।०० |
| | | दुइ घण्टा देखि चार घण्टा सम्म | ४०।०० |
| | | चार घण्टा भन्दा बढी | ५०।०० |

## अनुसुची १५

**बागमती माछा पोखरी, वडा नं ४,१२ , विविध**

| क्र.स. | व्यवसाय प्रकार | इकाई | दर रु. |
|---|---|---|---|
| १ | क्यामरा म्यान | प्रति महिना | २५००।०० |

ऐन संख्या २ (२०८०)
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति : असार ३० गते, २०८० साल

## अनुसुची १६

### मनोरञ्जनात्मक उपरकणहरुको दर्ता

| सि.नं. | उपकरणाको नाम | दर्ता तथा वार्षि नविकरण शुल्क ( वार्षिक ) रु |
|---|---|---|
| १) | मनो रेल प्रत एकाई | १५०००।०० |
| २) | water Cycling Per unit | २०००।०० |
| ३) | Sky Cyclying per unit | ५०००।०० |
| ४) | अन्य | कार्यपालिकाले निर्णय गरि निर्धारण गर्ने |
| | | |

१) मनोरञ्जनात्मक उपकरण दर्ता गर्न प्रशासन शाखामा निवेदन दिनु पर्ने छ। त्यसरी निवेदन दिएमा नगर प्रमुखले आवश्यक ठानेमा अनुमती दिने निर्णय गर्न सक्ने छ। त्यस्तो निर्णय भए पछि प्रशासन शाखाबाट अनुमती पत्र जारी गर्नु पर्ने छ।

२) सबै किसिमका मनोरञ्जनात्मक उपकरणबाट व्यवसायी आफ्नो शुल्क तोक्न स्वतन्त्र रहने छन।

३) व्यसायिको आम्दानीको रकममा नगरपालिकाले २० प्रतिशतले हुने रकम राजश्व प्राप्त गर्ने छ।